# कमल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
रोजगार सेवा केन्द्र
तोपगाछी, झापा

प. स. ०७७/०७८
च. न. १०२

मिति: २०७७/०४/०५

**सूचना!** **सूचना!!** **सूचना !!!**

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन गरी संवैधानिक हक अन्तर्गत रोजगारीको हक सुनिश्चत गर्न प्रत्येक स्थानीय तहमा रोजगार सेवा केन्द्र स्थापना भई कार्यक्रम सञ्चालन भइ रहेको अवगत नै छ। तसर्थ यस स्थानीय तह अन्तर्गत आ व २०७७/७८ का लागि गत चैत्र मसान्त भित्र सम्पुर्ण बेरोजगार व्यक्तिहरुलाई आफु स्थायी बसोबास गरेको वडाको वडा कार्यालयमा गई बेरोजगार व्यक्तिको सूचिमा सूचिकृत हुनको लागि सूचना प्रकाशित गरिएकोमा विश्वव्यापि महामारीको रुपमा रहेको कोरोना भाईरस (covid-19) का कारण फारम भर्ने कार्य स्थगित गरिएको विदितै छ। यस सन्दर्भमा १०० दिनको न्यूनतम रोजगारीमा संलग्न हुन चाहने बेरोजगार नेपाली नागरिकले स्थानीय तहको रोजगार सेवा केन्द्रमा सूचिकरण हुने समय सीमा नेपाल सरकार (मा, मन्त्रीस्तरको) मिति २०७७।३।३० मा भएको निर्णयानुसार २०७७ श्रावण ८ गते देखी २०७७ भाद्र ७ सम्म कायम गरीएको छ। त्यसैले न्यूनतम रोजगारीमा संलग्न हुन चाहने बेरोजगार ब्यक्तिले तपशिल बमोजिमको प्रमाणपत्र सहित वडा कार्यालयबाट प्राप्त बेरोजगार फारम पूर्ण रुपमा भरी फारम पेश गर्नु हुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ।

आवश्यक कगजातहरुः

१. सम्पूर्ण परिवारका सदस्यको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, बालबालिकाको हकमा जन्म दर्ताको प्रतिलिपि र निवेदक सोही वडाको स्थायी बासिन्दा भनी खुलाउने कागजात (अनिवार्य)।
२. शैक्षिक योग्यता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
३. अशक्तता भएमा अशक्तताको परिचयपत्रको प्रमाणित प्रतिलिपी।
४. कुनै काम गरेको अनुभव भए अनुभवको प्रमाणित प्रतिलिपि।
५. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।
६. पासपोर्ट साइजको फोटो १ प्रति।

सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क व्यक्ति: भरत चन्द्र तिवारी (रोजगार संयोजक)
फोन नं. ९८०३५०१३५८

**नोटः पूर्ण रुपमा नभरिएका फारमहरु स्वतः रद्द हुने व्योहोरा जानकारी गराईन्छ।**

भरत चन्द्र तिवारी
रोजगार संयोजक

"सक्षम निजामति प्रशासनः विकास, समृद्धि र सुशासन"

"समृद्ध कमल हाम्रो सरोकार"

Email: info@kamalmun.gov.np Website: kamalmun.gov.np फोन नं. ०२३-४७५०८१